# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# मेल्लेख गाउँपालिका
# अछाम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं. ४१०

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मेल्लेख गाउँपालिका,
अछाम ।

**कैफियत सहितको राय**

हामीले **मेल्लेख गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. २ करोड ६५ लाख ८७ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२४ लाख ५४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २६ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.६० लाख ५० हजार, र पेस्की बाँकी रु.५४ लाख ५६ हजार रहेको छ ।पालिकाको गत वर्षसम्म रु.७ करोड ३६ लाख ६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ९६ लाख १५ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## मेल्लेख गाउँपालिका, अछाम

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फस्यौंट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th></tr>
<tr><td>५८</td><td>४३</td><td>२६५८७</td><td>०</td><td>०</td><td>०</td><td>५८</td><td>४३</td><td>२६५८७</td><td>२४५४</td><td>६०५०</td><td>१२६२७</td><td>०</td><td>०</td><td>१८६७७</td><td>५४५६</td></tr>
</table>

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७३६०६ | ० | ५७८ | ७३०२८ | ० | २६५८७ | ९९६१५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मेल्लेख गाउँपालिका, अछाम , मल्लेख गाउँपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिर्घ बहादुर खड्का | २०७७-८-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | हिक्मत बहादुर बुढा | २०७७-४-१ | |
| लेखा प्रमुख | लोक बहादुर चलाउने | २०७७-८-२४ | |
| लेखा प्रमुख | डम्बर बोगटी | २०७७-८-१९ | |
| लेखा प्रमुख | दीर्घ बहादुर खड्का | २०७७-४-१ | |
| लेखा प्रमुख | सरस बुढा | २०७८-४-१ | |
| | | **बेरुजु रकम** | २६,५८६,५५० |

स्थानीय तह :


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,६२,७२,९६९.१६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४,७७,६३,८९७ | **चालु खर्च** | ३८,२८,०५,९७९.४३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,४४,४२,००० | **पूँजीगत खर्च** | १७,३७,७९,११५.८३ |
| **राजश्व बाँडफाँट** | ७,१०,०२,९३५.८८ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ३४,२०,९१५.४९ | | |
| **अन्य आय** | ६६,८०,१७८.३५ | | |
| **कुल आय** | ५६,३३,०९,९२६.७२ | **कुल खर्च** | ५५,६५,८५,०९५.२६ |
| **बाँकी मौज्दात** | | ३,२९,९७,८००.६२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, १३८.७८वर्ग किलोमिटर क्षेत्रफल तथा २४६०० जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।६।18 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br>**वित्तीयविवरणविश्लेषण**<br>**1 वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>· स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेकोछैन।गाउँपालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.५१,८७,५९८.६१ ले फरक देखिएको छ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ३,१२,१५,३२४।९३ मौज्दात कायम भएकोमा यो बर्षको शुरु मौज्दातमा रु. २,६२,७२,९६९।१६ जिम्मेवारी सारेको देखियो ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४९,४२,३५५।७७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ४,९४२,३५५.७७ |
| ३ | | | **एकिकृत आय-व्यय विवरण**<br>कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन। जस्तै गाउँपालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन। संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ५ | | | **लक्ष्य प्रगतिको स्थिति**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । गाउँपालिकाले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रीय प्रशासकीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले सञ्चालन गरेका सबै योजनाहरुको नियमले तोकिदिए अनुसारको ढाँचामा प्रगति विवरण तयार गरी पेश गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>

**बैक हिसाब मिलान**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ।सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी पेश गरेको छैन।कार्यालयलबाट खर्च खाताको बर्गिकरण अनुसार बैंक स्टेटमेन्ट पेश नभएकोले, श्रेस्ता तथा बैंक हिसाब मिलानको विवरण एकिन गर्न सकिएन।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७८।३।३१ को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७८।३।३१ को बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता जोर बर्ष</td><td>१४,०३,०८१.४९</td><td>३९,०१,४०७.४९</td><td>२४,९८,३२५.५१</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्च खाता जोर वर्ष</td><td>४६,८९,७५९.८०</td><td>१,३४,६४,००१.०</td><td>८७,७४,२४१.०</td></tr>
<tr><td>३</td><td>मूल संचित कोष</td><td>१,९०,५८,११८.८५</td><td>१,२९,६५,२७७.५६</td><td>–६०,९२,८४०.०</td></tr>
<tr><td>४</td><td>धरौटि खाता</td><td>४६,४३,३०३.८५</td><td>४६,५१,१७६.५६</td><td>७,८७२.१०</td></tr>
<tr><td>५</td><td>विविध कोष खाता</td><td>५०,८६०.५०</td><td>५०,८६०.५०</td><td>०</td></tr>
<tr><td>६</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>४५,५१७.४२</td><td>४५,५१७.४२</td><td>०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५१,८७,५९८.६१</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्दछ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु १४,०३,०८१.४९ र पुँजीगत खर्च खातामा रु. ४६,८९,७५९.८० समेत रु. ६०,९२,८४१.२९ मौज्दात रहेको पाईयो ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको, अभिलेख नराखेको ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन । साथै भुक्तानीमा इ.टी..डी.एस गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता अद्यावधिक राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• भ्रमण अभिलेख खाता नरहेको तथा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्यांकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको।<br>• निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **खरिद कारवाही अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन, म्याद थप गरेकोमा म्याद थप भएको निर्णय र म्याद थप दिएको पत्र र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १० | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ। | |
| ११ | | | **यातायात गुरु योजना**<br>स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकायलगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नुपर्ने र सडक निर्माण गर्दा यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यातायात गुरुयोजना तयार गरेको देखिएन भने यातायात गुरु योजना बिना नै यस वर्ष सञ्चालन गरेका योजनाहरुमध्ये अधिकाँश योजनाहरु सडक निर्माण तथा योजना सञ्चालन गरेको छ । यातायात गुरु योजना तयार गरी गुरुयोजनामा परेका सडकलाई प्राथमिकता दिई सडक योजना निर्माण तथा सञ्चालन गर्न ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **अवण्डा**<br>स्थानीय निकायको सभाबाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । गाउँसभाबाट २०७७।७८ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी भैपरी आउने शीर्षकमा एकमुष्ठरुपमा रु. ६८ लाख ४० हजार बजेट व्यवस्था गरेको छ । सभाबाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा सभाबाट नियममा तोकिएबमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनुपर्दछ । | |
| १३ | | | **योजना छनौट र विनियोजन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय—व्ययको अनुमानसाथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय—व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ऐनको दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था समेत गरेको छ। जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने कानूनको मनसाय र संघीय सरकारको प्रचलन समेत रहेको छ। कार्यपालिको सिफारीश अनुसार मिति २०७७।१०।३० मा बसेको छैटौं सभाले रु. ७६,००,०००।– का १२ योजना तथा कार्यक्रम संशोधन गरी पारित गराएको देखियो। योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वयन गराई हिउँदे सभावाट अनुमोदन गर्न पूरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो। योजना छनौटका प्रक्रिया पूरा गरी असार १० गतेभित्रको सभाले मात्र योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान जानु पर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **चौमासिक खर्चः** | |

**चौमासिक खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

(रु.हजारमा)

| **क्र.स.स** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| | पूँजिगत खर्चतर्फ | १६८८८८ | १३०२७ | ४२०८८ | ११३७७२ | ५९४३३ |
| | **जम्मा** | १६८८८८ | १३०२७ | ४२०८८ | ११३७७२ | ५९४३३ |
| | प्रतिशत | | **७.७१** | **२४.९२** | **६७.३६** | **३३.४१** |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार तेश्रो चौमासिकमा रु.११ करोड ३७ लाख ७२ हजार अर्थात६७.३६प्रतिशतखर्चगरेकोदेखिएकोछ। यसरीनैआषाढमहिनामामात्ररु. ५ करोड ९४ लाख ३३ हजार अर्थात३३.४१ प्रतिशतखर्चदेखिनुलेआषाढमाआएरखर्चकोचापबढेकोदेखिएकालेसन्तुलितखर्चब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** | |

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (table below) | |

| | | | | जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,६५,११,०००.० | ३,१५,७१,०००.० | ७.३७ |
| २ | पूर्वाधार विकास | ८,९५,९७,०००.० | ७,१५,४५,०००.० | १६.७० |
| ३ | सामाजिक विकास | २६,४६,६९,०००.० | २३,७९,८७,०००.० | ५५.५५ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३,८४,०३,०००.० | ३,३०,८६,०००.० | ७.७२ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६,४१,५५,०००.० | ५,४२,८८,०००.० | १२.६६ |
| **जम्मा** | | **४९,३३,३५,०००.०** | **४२,८४,७७,०००.०** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५५.५५ प्रतिशत सामाजिक विकासमा र सवै भन्दा कम ७.७२ संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा छ भने वातावरण तथा विकासमा खर्च गरेको छैन। गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ३४,२०,९१५.४९ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४०,३३,४१,६१३,०४ समेत रु. ४५,२७,०६,३०७.३७ आम्दानी भएकोमा चालु तर्फ रु. २५,९६,७८,१५४.० र पूँजिगत तर्फ रु. १६,८८,८८,५७२.८३ र बित्तिय ब्यबस्था तर्फ रु ०.०० समेत रु. ४२,८५,६६,७२७.५८ खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७९ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.५९ प्रतिशत चालु र ३९.४१ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट गाउँपालिका बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **करार नियुक्तिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।साथै सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। कार्यालयले दरबन्दी बेगर तोकिएको बाहेक देहायमा पदमा निम्न संख्यामा कर्मचारी नियुक्ती गरी रु. १९,२४,००००० भुक्तानी गरेको छ।दरबन्दी बाहेकको पदमा नियुक्त गरी तलब खर्च लेखेकोले गाउँपलिकालाई व्ययभार बढ्न गएको छ । यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।<br><br>**सि. नं.** \| **पद** \| **कर्मचारी संख्या** \| **भुक्तानी रकम**<br>१ \| वडा कार्यालय सहायक \| ८ \| १९,२४,०००. ००<br>**जम्मा** \| \| \| **१९,२४,०००. ००** | |
| १७ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म \| रु १ लाख देखि २ लाखसम्म \| रु २ लाखदेखि ५ लाखसम्मका \| रु ५लाख देखि १० लाखसम्मका \| रु १० लाखभन्दा बढीको \| जम्मा<br>११९ \| ४३ \| ५० \| २१ \| २२ \| २५५<br><br>उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु. १ लाख सम्मका जम्मा ११९ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र ४३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र वितरणमूखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन १ वटा बाँकी रहेकोमा यो बर्ष थप भएको २ गरी कुल ३ विवाद दर्ता भएकोमा फछ्र्यौट नभई ३ वटै वाँकी रहेको छ । | |
| १९ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट यसवर्ष रु.६९,६८,०००.०० सुविधा वापत भुक्तानी भएको छ । | |
| २० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष १३६ जनालाई रु. ३,२५,०००.० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २१ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध खर्चतर्फ मात्र रु.२०,९६,६२४.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २२ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४१,१९,१६३.७४ आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. ३४,२०,९१५.४९ अर्थात अनुमान भन्दा १६.९५ प्रतिशत घटी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।गाउँपालिकाले आर्थिक वर्ष २०७७।७८मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । **रु. हजारमा**<br>केन्द्रिय अनुदानबाट खर्च: ४४,९२,८५,३९३.० ; आन्तरिक आय: ३४,२०,९१५.० ; आन्तरिक आय प्रतिशत: ०.७६<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७६प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २४ | | | **कर तथा शुल्क असुली**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । त्यस्तै गाउंपालिकाले पेश गरेको २०७७।१०।२४ को निर्णयमा आन्तरीक श्रोतको अनुमान १ करोड गरिएकोमा प्राप्त राजस्वको आम्दानी विवरण अनुसार रु. ३८,७३,३४०.० रहेको छ। पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणमा रु. ३४,२०,९१५.४९ देखाएकोले फरक रु. ४,५२,४२४.५१ सम्वन्धमा श्रोतगत विवरण पेश नभएकोले एकिन गर्न सकिएन । घटी आय देखाएको सम्बन्धमा छानवीन गरी यकिन गर्नुपर्ने रु. | ४५२,४२४.५१ |
| २५ | | | **राजश्व अभिलेख**<br>कार्यालयलको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा वितरण गरेकोमा, छपाई भएको नगदी रसिदहरुको आम्दानी, वितरण तथा बाँकीको अभिलेख देखिएन । आर्थिक वर्षको विवरण पेश नभएकोले बाँकी के कति छन् यकिन गर्न सकिएन । यसर्थ कार्यालयमा वास्तविक आम्दानी भएको राजस्व दाखिला भए/नभएको सम्बन्धमा तहाँबाटै छानबिन गरिनुपर्दछ । साथै सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्न विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको सम्बन्धमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| २७ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । गाउंपालिकाले यो बर्ष विभिन्न १३० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ५,५२,४९,६००/- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २८ | | | **योजना हस्तान्तरणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन।साथै नियम ९७(७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **निर्माण कार्यको गुणस्तरः**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ)अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएकोमा गुणस्तर परिक्षण गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |
| ३० | | | **सार्वजनिक लेखापरीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>
जटिल संरचना निर्माण<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गो. भौ. नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>७।०७८।३।८</td><td>मालिका आधारभुत विद्यालय निर्माण</td><td>भवन निर्माण</td><td>१८६१४२९.३३</td></tr>
<tr><td>१।०७८।१।१४</td><td>मालिका मा.वी विद्यालय निर्माण</td><td>भवन निर्माण</td><td>१२,३७,६३५.८२</td></tr>
<tr><td>५।०७८।३।२६</td><td>नन्देगडा एकिकृत बस्ती</td><td>भवन निर्माण</td><td>५६,६९,८०५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :<br>
<table>
<tr><th>गो. भौ. नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>९।०७८।३।१५</td><td>आ.नि.खा. गैरा, काला पातल सडक निर्माण</td><td>सडक निर्माण</td><td>१३०९९७२.९०</td></tr>
<tr><td>३।०७७।७।२</td><td>नन्दे गडा देउमाण्डौ सडक निर्माण</td><td>सडक निर्माण</td><td>४३३७८५९.०</td></tr>
<tr><td>१०।०७७।७।४</td><td>दुत्तपाल देखि बसपार्क सम्म</td><td>सडक निर्माण</td><td>१७३४३८७.१८</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>बढी व्ययभार पारेको<br>उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि करको रकम भुक्तानी दिँदा दर विश्लेषण हुँदा जति मूल्य कायम गरी दर विश्लेषण भएको हो सोही मूल्य अनुसारको सामान खरिद गरेको अवस्थामामात्र उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले दर विश्लेषण भन्दा उपभोक्ता समितिले घटी मूल्यमा सिमेन्ट, छड खरिद गरी ल्याएकोमा पनि दर विश्लेषण कै मुल्य कायम गरी नापी मूल्याङ्कन गरी भुक्तानी दिएको पाईयो । कार्यालयले खरिद मूल्य भन्दा बढीको दरले भुक्तानी दिएकोले बढी रु. व्ययभार पारेको देखिएको छ । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।<br>
<table>
<tr><th>गो. भा. न. र</th><th>योजनाको नाम</th><th>सामानको</th><th>भुक्तानी गरेको</th><th>खरिद</th><th>फरक</th><th>सामानको</th><th>व्ययभार परेको</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **मिति** | | **नाम** | **दर** | **दर** | **दर** | **परिमाण** | **रकम** | |
| | | | ६१।०७८।३।२३ | बालोदय प्रा. वि. भवन निर्माण कार्य | सिमेण्ट | १४१३ | ९६१ | ४५२ | ३५० बोरा | १५८२०० | |
| | | | | | छड | १०४ | ९६ | ८ | १६०० के जी | १२८०० | |
| | | | ५।०७८।३।२६ | नन्देगडा एकिकृत वस्ती विकास निर्माण कार्य | छड | १०४ | ९६ | ८ | ६०० के जी | ४८०० | |
| | | | | | सिमेण्ट | १४१३ | ९६१ | ४५२ | २०० बोरा | ९०४०० | |
| | | | ५८।०७८।३।२३ | भवानी प्रा. वि. भवन निर्माण कार्य | सिमेण्ट | १४१३ | १०१७ | ३९६ | ४०० बोरा | १५८४०० | |
| | | | | | छड | १०४ | १०१ | ३ | ३२०० के जी | ९६०० | |
| | | | | **जम्मा** | | | | | | **४३४२००** | |
| ३४ | | | **सवारी साधन खरिद**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान मोटरसा्इकल खरिदमा रु. ५,००,०००/- खर्च गरेको छ । खरिद गरिएको १ थान मोटर साईकल मुल्य रु. २,५०,०००/- को प्रहरी कार्यालय मेल्लेखलाई हस्तान्तरण गरिएकोमा प्रहरी कार्यालयले जिन्सी दाखिला गरेको छैन । | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **सामाजिक सुरक्षातर्फ**<br>**बैंक मार्फत भत्ता वितरण नगरिएको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृति विना हातहातै नगद वितरण गर्न नहुने र निजको व्यक्तिगत नाममा बैंकमा खोलिएको सामाजिक सुरक्षा विशेष बचत खातामा उल्लिखित म्याद भित्र जम्मा गरिदिनुपर्ने व्यवस्था छ । कार्यालयले लाभग्राहीको भत्ता भर्पाइबाट वितरण गरेको पाइयो । कार्यविधिमा व्यवस्था भए बमोजिम लाभग्राहीलाई बैंक मार्फत भत्ता प्रदान गर्नुपर्दछ । | |
| ३६ | | | **प्रतिवेदनः**<br>सामाजिक सुरक्षा सुरक्षा कार्यविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मंसिर ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण साउन ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन । | |
| ३७ | | | **पारदर्शिताः**<br>कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा सम्बन्धी खर्चलाई पारदर्शी बनाउन आवश्यक छ । | |
| ३८ | | | **सार्वजनिक सुनुवाइः**<br>वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **भत्ता विवरणको अनुगमनः**<br>कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमासिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरू कार्यान्वयन गरिनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
